# बाह्रदशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## चकचकी, झापा

**उद्यम विकास सहज कर्ता छनौटका लागि करार सेवामा दरखास्त अह्वान गरिएको सूचना**

**प्रकाशित मिति : २०७७।०८।१८**

यस बाह्रदशी गाउँपालिकामा गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन गर्नुपर्ने भएकाले प्राविधिक कर्मचारी उद्यम विकास सहज कर्ताको आवश्यक भएकाले सहजकर्ता खुल्ला छनौट विधिद्वारा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकाले आवश्यक न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र कार्यालय समयभित्रमा राजस्व तिरेको रसिद र तपसिल वमोजिमको कागजात सहित दरखास्त दिन हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

१. **विज्ञापन नं. र पद संख्या**

| सि.न. | विज्ञापन नं. | पद | तह | सेवा /समुह | माग संख्या |
|---|---|---|---|---|---|
| १ | ०६/०७७/७८ | उद्यम विकास सहजकर्ता | सहायक पाचौ | प्राविधिक | १ |
| २ | ०७/०७७/७८ | उद्यम विकास सहजकर्ता | सहायक चौथो | प्राविधिक | १ |

२. **सेवाको किसिम** : करार सेवा ।

३. बाह्रदशी गाउँपालिकाले तोकेको दरखास्त फारममा भर्नु पर्ने ।

४. पासपोर्ट साइजको फोटो २ प्रति ।

५. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी ।

६. **आवश्यक न्यूनतम शैक्षिक योग्यता** : प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) वाट मान्यता प्राप्त उद्यम विकास सहज कर्ता सम्वन्धि डिप्लोमा कोर्ष उतिर्ण सहायक पाचौ को लागि र प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद वाट उद्यम विकास सहजकर्ता शिप परीक्षण तह २ वा ३ उतिर्ण गरेको वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद वाट मान्यता प्राप्त उद्यम विकास सहज कर्ता सम्वन्धि प्राविधिक प्रवेशिका परीक्षा (टिएसएलसी) उतिर्ण गरेको सहायक चौथोको लीग ।

७. नेपाल सकारले स्थापना गरेको श्रम सूचना बैंकमा सूचिकृत भएका उद्यम विकास सहज कर्तालाई प्राथमिकता दिइने छ

८. **तलब सुविधा तथा अन्य सेवा शर्त** : नियमानुसार ।

९. उम्मेदवारको उमेर दरखास्तको अन्तिम मिति सम्ममा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको (महिला हकमा ४० वर्ष ननाघेको)

१०. **उम्मेदवारको छनौट विधि** : बाह्रदशी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्न सम्बन्धि कार्यविधि २०७६ बमोजिम ।

**क. शैक्षिक योग्यता वापत : ३० अङ्क**

बिशिष्ट श्रेणी ३० अङ्क,
प्रथम श्रेणी २० अङ्क,
द्बितीय श्रेणी १५ अङ्क,
तृतीय श्रेणी १० अङ्क

**ख) भौगोलिक क्षेत्र वापत: १० अङ्क**

सम्बन्धित गाउँपालिका वासिन्दा भएमा : १० अङ्क
सम्बन्धित जिल्ला वासिन्दा भएमा : ५ अङ्क
सम्बन्धित जिल्ला बाहिर भएमा : १ अङ्क

**ग.) कार्यअनुभव वापत : १० अङ्क,**

प्रति वर्ष २ अङ्कका दरले हुनेछ । सो कालागि कार्यअनुभवको प्रमाणित विवरण संलग्न भएको हुनु पर्नेछ ।

**घ.) अन्तरवार्ता वापत : २० अङ्क,**

८. **फारम प्राप्त गर्ने र बुझाउनु पर्ने स्थान** : बाह्रदशी गाउँपालिकाको कार्यालयमा ।

९. **परीक्षा दस्तुर :**

**क. सहायकस्तर पाचौ** : रु. ५००। (पाँच सय) ।

**ख. सहायकस्तर चौथो** : रु. ३००।- (तीन सय )

१०. दरखास्त फारम भर्ने अन्तिम मिति २०७७।०८।२४ गते सम्म ।

११. **परीक्षा दस्तुर बुझाउने प्रकृया** : बाह्रदशी गाउँपालिकाको राजश्व शाखामा परीक्षा दस्तुर जम्मा गरी दरखास्त साथ पेश गर्नु पर्नेछ ।

१२. आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार बाह्रदशी गाउँपालिकालाई हुनेछ ।

१३. स्थायी पदपुर्ति भइ आएमा यस विज्ञापन वाट लिएका करार सेवाको पद स्वत समाप्त हुनेछ ।

१४. रित नपुगेको, तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता नभएको र तोकिएको परीक्षा दस्तुर नबुझाएका दरखास्त उपर कुनै कारवाही हुने छैन । झुट्टा विवरण उल्लेख गरी दरखास्त फारम भरेमा सोको जवाफदेही स्वयम आफै हुनु पर्नेछ

चित्र प्रसाद गुरागाँई
प्रमुख प्रशासकीय अधिकृत